प्रमाणीकरण मितिः २०८०/०८/१२

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः २ संख्याः २१ अभिलेखीकरण मितिः २०८३/०३/०८

## भाग-२

## भीमफेदी गाउँपालिका

**स्थानीय सरकार सञ्चालन ऐन बमोजिम भीमफेदी गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## संवत् २०८३ सालको कार्यक्रम संचालन मापदण्ड-२१

# गाईपालन प्रबर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०८०

प्रस्तावनाः भीमफेदी गाउँपालिकाको स्विकृत यार्षिक स्विकृत गाईपालन प्रवर्द्धन कार्यक्रम संचालन गर्न र पशुपालक कृषकहरुलाई गाईपालन व्यवसायमा आकर्षित बनाई दुग्ध उत्पादन र उत्पादकत्त्वमा वृद्दि गर्नुको साथै यस गाउँपालिकालाई दुग्धमा आत्मनिर्भर बनाई कृषकको आर्थिक स्तर सुधारका लागि गाउँकार्यपालिका निर्णयानुसार मापदण्ड स्वीकृत गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम गाईपालन प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०८० रहेको छ ।

(२) यो मापदण्ड गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा-

क) **"कार्यक्रम"** भन्नाले भीमफेदी गाउँपालिकाको बजेटमा व्यवस्था भएको गाईपालन प्रवर्द्धन सम्बन्धी स्विकृत बार्षिक कार्यक्रम सम्झनुपर्दछ ।

ख) **"कार्यालय"** भन्नाले भीमफेदी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) **"मापदण्ड"** भन्नाले गाईपालन प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०८० सम्झनु पर्दछ ।

घ) **"मुल्याङ्कन समिति"** भन्नाले यस मापदण्डको दफा ७ बमोजिम अनुसार गठित समिति सम्झनु पर्दछ ।

ङ) **"साझेदार"** भन्नाले कार्यक्रम संचालन गर्न छनौट भएका गाईपालक कृषक सम्झनु पर्दछ ।

३. **उद्देश्यः** गाईपालन प्रवर्द्धन कार्यक्रमको उदेश्य देहाय बमोजिम रहनेछः-

क) व्यबसायिक रुपमा गाईपालन गरी दुग्ध तथा दुग्धजन्य पदार्थहरुको उत्पादन वृद्धि गर्दै पारिवारिक पोषण सुधारमा सहयोग गर्ने ।

ख) स्वदेशमा स्वरोजगारका अवसरहरु सृजना गर्ने ।

ग) यस गाउँपालिकालाई दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाई कृषकको आर्थिक अवस्थामा सुधार गर्ने ।

४. **कार्यक्रम संचालन प्रकृयाः** (१) यस कार्यक्रम भीमफेदी गाउँपालिकाको बार्षिक विनियोजित बजेटमा तोकिएको कार्यक्षेत्रमा रहेका कृषकहरु माझ संचालन गरिनेछ । यस कार्यक्रममा कृषकहरुलाई दुहुना गाई खरिद गरेबापत अनुदान रकम उपलब्ध गराईनेछ ।

(२) यस कार्यक्रमका साझेदारलाई १ वटा गाईको लागी मात्र अनुदान रकम उपलब्ध गराईनेछ

५. **प्रस्ताव आह्वानः** (१) यो कार्यक्रममा संचालनका लागि ३० दिने सार्वजनिक सुचना प्रकाशन गरिने छ।

(२) आवेदकले २ वर्षसम्म गाईपालन गरिरहने अनुसूची-४ बमोजिम प्रतिवद्धता पत्र पेश गर्नुपर्ने छ ।

(३) कृषि फर्म, कृषक समुह, सहकारीको हकमा सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाण पत्र, नविकरण, करचुक्ता प्रमाण पत्र प्रतिलिपि साथै समुह, सहकारीको हकमा कार्यक्रम संचालन गर्ने निर्णय प्रतिलिपि पेश गर्नुपर्ने छ ।

६. **प्रस्ताव दर्ताः** (१) आवेदकले अनुसूची-१ बमोजिमको आवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्ने छ ।

(२) वडा कार्यालयले तोकिएको म्यादभित्र उपदफा (१) बमोजिम पेश भएका आवेदन म्याद समाप्त भएको ७ दिनभित्र कार्यालयमा पठाउनु पर्नेछ ।

७. **मुल्याङ्कन समितिः** (१) दफा ४ बमोजिम माग भएको प्रस्तव बमोजिम प्राप्त हुन आएका प्रस्ताव मूल्याँकनको कार्य बडाबाट आवेदन प्राप्त हुने अवधि सकिएको १५ दिनभित्र आर्थिक विकास समितिले गर्नेछ ।

(२) मुल्याङ्कन समितिले प्रस्ताव मुल्याँकनका आधारहरु अनुसूची-२ बमोजिम हुनेछ ।

८. **साझेदार छनौटः** (१) विगत २ वर्षमा यस अनुदानसंग मिल्दोजुल्दो अनुदान (गाई/भैसी) लिएका कृषकहरुलाई यस कार्यक्रममा समावेस गरिने छैन।

(२) जनप्रतिनिधिको एकाघरका सदस्य तथा गाउँपालिकामा कार्यरत कर्मचारी तथा शिक्षकको एकाघरका सदस्यहरुलाई साझेदारको रुपमा यस कार्यक्रममा समावेश गरिने छैन ।

(३) दफा ७ बमोजिम गठित मुल्याङ्कन समितिले अनुसूची-२ बमोजिमको मुल्याङ्कनको आधारमा प्राप्त गरेको प्राप्ताङ्कको आधारमा प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यपालिका बैठकमा पेश गर्नुपर्ने छ ।

९. **प्रस्तावकलाई जानकारीः** कार्यालयले साझेदार छनौट भए लगत्तै सम्बन्धित वडा कार्यालय मार्फत जानकारी गराउनु पर्नेछ ।

१०. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका साझेदारहरुले यस कार्यालयवाट सुचना जारी भएको १५ दिनभित्र सम्झौताका लागि कार्यलयमा सम्पर्क राखु पर्नेछ ।

(२) कार्यालय र साझेदारबीच हुने सम्झौता अनुसूची-३ बमोजिम हुनेछ ।

(३) उपदफा (१) मा उल्लेख गरिएको समयसिमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्रथमिकतामा रहेका राझेदारहरुसँग सम्झौता गरिनेछ ।

११. **अनुगमनः** (१) यस कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन कार्यालय तथा दफा ५ बमोजिम गठित समितिले आवश्यक्ता वमोजिम गर्नेछ ।

(२) कार्यालय तथा समितिले अनुगमनका शिलशिलामा दिइएको सुझावहरु कार्यान्वयन गर्ने जिम्मेवारी साझेदारको हुनेछ ।

१२. **गाई खरिद प्रकृयाः** (१) साझेदारले शारिरिक रुपमा स्वास्थ शरिरमा कुनैपनि चोटपटक नलागेको उन्नत जातको (होलिष्टेन / जर्सी क्रस) गाई खरिद गर्नुपर्नेछ ।

(२) साझेदारले उन्नत जातको (होलिष्टेन/जर्सी क्रस) दैनिक कम्तिमा १० लिटर दुग्ध उत्पादन गर्ने गाई खरिद गर्नुपर्नेछ ।

(३) गाई खरिद गर्दा भीमफेदी गाउँपालिका क्षेत्रभित्रबाट खरिद गर्न पाईने छैन।

(४) गाई खरिद गरेको सम्बन्धित स्थानिय तहको वडा कार्यालयको सिफारिस, भेटेरिनरी प्रमाण पत्र अनिवार्य पेश गर्नुपर्ने छ ।

(५) गाई खरिदपश्चात कृषक स्वयंले खरिद गरिएको गाईको विमा अनिवार्य रुपमा गर्नुपर्नेछ।

१३. **रकम भुक्तानी प्रकृयाः** (१) साझेदार कृषकहरुले उन्नत जातको (होलिष्टेन/जर्सी क्रश) गाई खरिद कार्य सम्पन्न पश्चात भुक्तानी माग गर्दा साझेदारको घर वरपरका व्यक्तिहरु बिचको उपस्थितिमा गाई खरिद गरी ल्याईएको मुचुल्का, खरिद गरिएको गाईको सक्कल बिल, विमा ट्याग आउने गरी रंगिन फोटो र बडा समितिको बैठकको निर्णय सहित बडा कार्यालयको सिफारिस अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको प्रकृया पुरा गरी कागजात प्राप्त हुन आएमा समितिले निर्णय गरी साझेदारको बैङ्कमा रहेको खातामा रकम जम्मा गरिदिन कार्यालयलाई सिफारिस गर्नेछ ।

(३) उपदफा २ बमोजिम मूल्यौंकन समिति र प्राविधिक कर्मचारीको सिफारिसका आधारमा कार्यालयले निशर्त अनुदानको रुपमा गाउँपालिकाको वार्षिक विनियोजित बजेटबाट रु.४०,०००।- (चालिस हजार रुपैया मात्र) कृषकहरुको बैङ्क खातामा जम्मा हुने गरी भुक्तानी गर्नेछ ।

१४. **साझेदारको दायित्वः** (१) अनुदान प्राप्त गरेको गाई दिगो रुपले पालन गर्ने र अनुदानको सदुपयोग गर्नु सम्वन्धित साझेदारको दायित्व हुनेछ ।

(२) समिति र कार्यालयबाट अनुगमन हुँदा खरिद गरिएको गाई भौतिक रुपमा देखाउने दायित्व साझेदारको हुनेछ ।

१५. **कारबाहीको व्यवस्थाः** (१) यस कार्यविधको पालन नगर्ने तथा सम्झौता बमोजिम काम नगर्ने साझेदारलाई भीमफेदी गाउँपालिकाले अनुदान वापत प्राप्त रकम फिर्ता गर्न लगाउनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र रकम फिर्ता नगर्ने साझेदार कृषकसँग उक्त रकम व्याज सहित सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

१६. **संशोधनः** यो मापदण्ड कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा भीमफेदी गाउँपालिकाले संशोधन गर्न सक्नेछ ।

१७. **प्रचलित कानुन बमोजिम हुनेः** यस मापदण्डमा उल्लेख भएका बुँदाहरु कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमाणीकरण मितिः २०८०/०८/१२

अनुसूचीहरुः

## अनुसूची-१

(दफा ६ संग सम्बन्धित)

**आवेदन**

मितिः........................

श्री वडा अध्यक्ष ज्यु

..........नं. वडा कार्यालय

भीमफेदी गाउँपालिका

मकवानपुर ।

**विषयः- कार्यक्रममा सहभागी गराईदिने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस भीमफेदी गाउँपालिकाको मिति ....................गतेको अनुदानमा गाईपालन प्रवर्द्धन कार्यक्रमको सुचना प्रकाशित अनुसार वस भीमफेदी गाउँपालिका वडा नं............. निवासी म..............................................गाईपालन प्रवर्द्धन कार्यक्रममा सहभागी हुन ईच्छुक भएकोले आवश्यक कागजात सहित आवेदन पेश गर्दछु ।

मैले गाउँकार्यपालिकाबाट स्वीकृत गाईपालन प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०८० को पूर्णरुपमा पालाना गर्नेछु ।

**दुहना पशु संख्या**

गाई...............वटा

भैसी...............बटा

**आवेदक**

नामः

ठेगानाः

सम्पर्क नं.ः

## अनुसूची-२

(दफा ७ (२) संग सम्बन्धित)

## कृषक छनौटका लागि आवश्यक मुल्याङ्कनका आधारहरु

कृषकको नाम थर :-

ठेगाना :-

हाल पालन गरिरहेको पशु संख्याः- गाई..................... भैसि................

मिति :-

| क्र.सं. | प्राथमिकताक्रम निर्धारणका आधारहरु | जम्मा अङ्क | प्राप्त अङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | पशुपालनका लागी उपयुक्त स्थान | | | |
| | क.भुई ढलान गरेको भएमा | १० | | |
| | ख. दाना पानी खुवाउनका लागी उपयुक्त हुड भएमा | ५ | | |
| | ग.मलमुत्र व्यवस्थापनका लागी छुट्टै खाडल भएमा | ५ | | |
| २ | पारिवारिक विवरण | | | |
| | दलित, जनजाति, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवारको सदस्य भएमा | १० | | |
| | अन्य भएमा | ५ | | |
| ३ | घाँस खेती गरेको क्षेत्रफल | | | |
| | १ कठ्ठा भन्दा बढि भएमा | १० | | |
| | १ कठ्ठा भन्दा कम भएमा | ५ | | |
| | नभएमा | ० | | |
| | कुल | ५० | | |

५० प्रतिशत वा सो भन्दा बढी अंक आउने आवेदकलाई मात्र छनौटका लागि सिफारिस गरिनेछ ।

(नोटः मूल्याङ्कन समिति/आर्थिक विकास समितिले कार्यक्रमको आवश्यकता अनुसार प्रस्ताव छनौटका आधार र अङ्गभार निर्धारण गर्न सक्नेछ।)

## अनुसूची-३
### (दफा १० (२) संग सम्बन्धित)
### सम्झौता पत्र

भीमफेदी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने। तथा भीमफेदी गाउँपालिका वडा न........... निवासी श्री................................ यस पछि दोश्रो पक्ष भनिने) बीच गाईपालन प्रवर्द्धन कार्यक्रम संचालनका लागि गाईपालन प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०८० को अधिनमा रही र तपशील अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौ ।

<u>तपशिलः</u>

१. यो सम्झौता, सम्झौता भएको मिति.......................... देखि प्रारम्भ भएको मानिनेछ र मिति.................. मा समाप्त हुनेछ ।

२. प्रथम पक्षले प्रस्तावनामा उल्लेख भए बमोजिम सम्पन्न भएका कार्यहरुका लागि ५०% (पचास प्रतिशत मात्र) वा रु. ४०,००० (चालिस हजार मात्र) मा नबढ्ने गरी अनुदान रकम दोश्रो पक्षलाई उपलब्ध गराउनेछ ।

३. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए बमोजिम कार्यहरु गर्दा सोही प्रस्तावना, प्रचलित कानुन, मापदण्ड को अधिनमा रही तोकिएको मापदण्ड अनुसारका कार्य गर्नु पर्नेछ। सो नगरेको खण्डमा प्रथम पक्ष सो कार्यको भुक्तानी गर्न बाध्य हुने छैन ।

४. दोथो पक्षले सक्कल विल, भर्पाई, सम्झौता तथा प्रस्तावनामा उल्लेख गरिए बमोजिमका क्रियाकलापहरु र कार्य गर्दाको सो स्थानको फोटो र आवश्यक अन्य कागजात भएको प्रथम पक्षलाई पेश गर्नु पर्नेछ

५. दोश्रो पक्षले प्रस्तावना बमोजीम गुणस्तरीय तथा उन्नत जातको (होलिष्टेन तथा जर्शी, गाई खरिद गर्नु पर्नेछ ।

६. दोश्रो पक्षले कार्यक्रम संचालनदेखि समापन सम्मको गतिविधि तथा सोको जनकारी कार्यालय र बडा कार्यालयलाई गराउनु पर्नेछ ।

७. प्रथम पक्षले स्थलगत अनुगमन, निरीक्षण तथा प्राविधिक प्रतिवेदनका आधारमा दोश्रो पक्षको कामको मुल्याङ्कन गर्नेछ ।

८. दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत काम गराउन पाइने छैन ।

९. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१०. गाई खरिद पश्चात. दोस्रो पक्षले अनिवार्य रुपमा बिमा गर्नुपर्नेछ ।

११. यस कार्यक्रमका लाभग्राहिहरुले कम्तिमा २ वर्ष सम्म अनिवार्य गाईपालन गर्नुपर्नेछ ।

१२. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| | |
|---|---|
| **प्रथम पक्षको तर्फबाटः** | **दोश्रो पक्षको तर्फबाटः** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| | पदः |
| ठेगानाः | कार्यालयको छापः |

**रोहबर / साक्षी**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

मितिः

अनुसूचि-४
(दफा ५ (२) संग सम्बन्धित)

**प्रतिबद्दता पत्र**

भीमफेदी गाउँपालिकाको मिति...........................गतेको सुचना अनुसार गाईपालन प्रवर्द्धन कार्यक्रममा सहभागिताको लागि ईच्छुक भई सो कार्यक्रमको लागि आवेदन पेश गरेको छु। उक्त कार्यक्रममा छनौट भएमा गाईपालन प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०८० बमोजिम निरन्तर २ वर्ष सम्म गाईपालन गर्नेछु । गाईपालन प्रबर्द्धन कार्यक्रम संचालन मापदण्ड, २०८० बमोजिम कार्य नगरेमा भीमफेदी गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्दता गर्दछु । साथै कुनै पनि सरकारी निकायबाट अघिल्ला २ आ.व.मा सोही प्रकृतिको कार्यक्रममा सहभागी नभएको प्रतिबद्धता गर्दछु। अन्यथा भएमा प्रचलित कानुन बमोजिम सहुला/बुझुला ।

**आवेदकको तर्फबाट**

नाम :

ठेगाना :

सम्पर्क नम्बरः

दस्तखतः

मितिः

| दायाँ | बायाँ |
| --- | --- |

आज्ञाले,
चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत